तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल

कार्यपालिका वैठक संख्या २९/०७५/०७६(६५) मितिः २०७६।०३।२० गते ।

प्रस्तावहरु :

१. आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रम छलफल सम्बन्धमा ।

२. नगरपालिकाको लोगो सम्बन्धमा ।

३. फलफूलका विरुवाको माग संकलन सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं.-१

- नगर उप-प्रमुख श्री जगेश्वरदेवी चौधरीज्यूबाट आर्थिक वर्ष २०७६/०७७ को लागि प्रस्तुत बजेट तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

- नगरपालिकाको लोगो बनाउन कार्यपालिका सदस्य श्री एच.वि. रम्तेलज्यूको संयोजकत्वमा गठित छनौट समितिबाट सिफारिस भै आएको बुटवल-८ निवासी विष्णु सुवेदीले डिजाइन गर्नु भएको लोगोलाई अनुमोदन गर्दै यस कार्यमा संलग्न छनौट समिति तथा नगरपालिकाको खुला आह्वान बमोजिम लोगो प्रस्ताव गर्ने सम्पूर्ण सर्जकलाई धन्यावाद दिने निर्णय भयो । साथै, लोगो डिजाइन गर्ने विष्णु सुवेदीलाई प्रोत्साहन स्वरुप रु.५०००।- (अक्षेरुपी पाँच हजार) प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.-३

- तिलोत्तमा नगरपालिकाले गत वर्षबाट सुरु गरेको वृक्षारोपणलाई निरन्तरता दिन एवम् नेपाल सरकारले आर्थिक वर्ष २०७६/०७७ लाई वृक्षारोपण वर्ष घोषणा गरेको सन्दर्भमा नगरपालिका र नेपाल सरकारका दुवै कार्यक्रमलाई प्रभावकारी बनाउन गत वर्ष जस्तै नगरबासीलाई अनुदानमा फलफूलका विरुवा उपलब्ध गराउन वडास्तरबाट माग एकिन गरी प्रचलित कानुन अनुसार खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

बासुदेव घिमिरे
नगर प्रमुख